आज मिति २०७९ मंसिर १८ गते आईतवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०७९/८० को पाँचौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

निर्णयहरुः-

१. आ.व.२०७९/८० को नगर कार्यपालिकाको चौथो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

२. चालु आ.व.२०७९/८० को स्वीकृत आयोजना तथा कार्यक्रमको प्रथम चौमासिक समिक्षा (आय ४५.१० प्रतिशत र व्यय ९.८० प्रतिशत) गरी आयोजना तथा कार्यक्रम कार्यान्वयमा थप तिव्रता दिने ।

३. अमर सारथी जे.भी संग २ नं. वडा कार्यालय भवन निर्माणको लागि यस कार्यालयसंग सम्झौता भएको ( ठेक्का नं. 50/NCB/TM/W/2077-78 वाट सम्झौता भएकोमा सम्झौता वमोजिमको आईटमको परिमाणमा कार्यक्षेत्रमा फिल्डको आवश्यकता अनुसार ठेक्का सम्झौता हुदाँको बखत छुट हुन गएको आईटम प्राविधिकले पेश गरे अनुसारको क्वान्टिटि भेरिएसन र आईटम भेरिएसन आदेश गर्नु पर्ने रु. ४१६४०२.५२ (भ्याट वाहेक) सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम हुनेगरी स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडि वढाउने ।

४. तपशिल बमोजिमका व्यावसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १ | जेनेरस नेपाल कन्स्ट्रक्सन एण्ड कन्सल्टिङ सर्भिसेज प्रा.लि | टोखा -९ | |
| २ | कंडेल लुम्विनी निर्माण एण्ड सप्लायर्स प्रा.लि | टोखा -११ | |
| ३ | कार्लो बिल्डर्स प्रा.लि | टोखा-६ | |
| ४ | शिलाजित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-६ | |
| ५ | ए.एस.ग्रुप अफ कम्पनी प्रा.लि | टोखा-१० | |
| ६ | दरबार बिल्डर्स प्रा.लि | टोखा-१० | |
| ७ | शिसाकोटी बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | टोखा-१० | |
| ८ | दिवस निर्माण सेवा | टोखा-१० | |
| ९ | विश्वमित्र निर्माण सेवा | टोखा-१० | |
| १० | बैजनाथ निर्माण सेवा | टोखा-१० | |
| ११ | सि.एस.एम बिल्डर्स | टोखा-६ | |
| १२ | प्रिज्म कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | टोखा-८ | |
| १३ | संहस्रार कन्स्ट्रक्सन प्राईभेट लिटेड | टोखा-७ | |
| १४ | म्यान ड्रिम कन्स्ट्रक्सन प्रा.लि | टोखा-११ | |
| १५ | श्रीया ग्रुप प्रा.लि | टोखा-३ | |
| १६ | एम.एस.एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-९ | |
| १७ | रेभा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-६ | |
| १८ | गैती कन्स्ट्रक्सन प्रा.लि | टोखा-३ | |
| १९ | किरावा होल्डिङ ग्रुप प्रा.लि | टोखा-३ | |
| २० | विदिन ईन्जिनियरिङ कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि | टोखा-२ | |

| | | | |
|---|---|---|---|
| २१ | नमो कन्स्ट्रक्सन प्रा.लि | टोखा-९ | |
| २२ | जय राजाजी बाबा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | टोखा-९ | |
| २३ | सुफियाना कन्स्ट्रक्सन प्रा.लि | टोखा-११ | |
| २४ | कक्षपती बिल्डर्स प्रा.लि | टोखा-१० | |
| २५ | मदरल्याण्ड कन्स्ट्रक्सन नेपाल प्रा.लि. | टोखा-६ | |
| २६ | लिजा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | टोखा-३ | |

५. वडा नं. १ मा रहेको साविक झोरमहाँकाल वडा नं. ४ कि.नं. ९६ र ९७ को सार्वजनिक जग्गा सम्याई खानेपानी ट्याङ्की निर्माण तथा दाहासंस्कार स्थल ( चिहान) व्यवस्थापन कार्यका सम्वन्धमा केयुकेएल ले तयार गरेको विस्तृत परियोजना प्रस्ताव बमोजिम केयुकेएल संगको समन्वय र साझेदारीमा ट्याङ्की निर्माण तथा दाहासंस्कार स्थल(चिहान) निर्माण कार्य अघि वढाउने ।

६. नगरपालिका क्षेत्र भित्र रहेका मर्मत गर्नु पर्ने विद्युत पोल तथा तारहरु आवश्यकता तथा स्थान पहिचान गरी वडा कार्यालयवाट संकलन गरी सम्वन्धित निकायमा अविलम्व मर्मत तथा संरक्षणका लागि पहल गर्ने ।

७. मेलम्ची खानेपानीलाई टोखा नगरपालिका क्षेत्रमा वितरणका लागि जडान गर्नु पर्ने वुष्टरपम्प जडानमा केयुकेएल र नगरपालिकाको समन्वय साझेदारीमा जडान गर्ने व्यवस्था मिलाउने साथै वडा नं. १० को सिर्जना टोलमा खानेपानी पाईपलाईन विस्तार तथा व्यवस्थितको लागि एघारौं नगरसभाको सि.नं. २५० मा विनियोजित रकम मध्येवाट रु २५७७९८२.९३ काठमाडौं उपत्यका खानेपानी लिमिटेड,महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।

८. औषधि उपचार सहायता माग गरेका आर्थिक अवस्था कमजोर भएका तपशिल वमोजिमका व्यक्तिहरुलाई चिकित्सकको प्रेस्किप्सन र वील भर्पाई वमोजिम हुने गरी औषधि उपचार खर्च शिर्षकवाट तपशिल वमोजिमको रकम उपलव्ध गराउने ।

क. वडा नं. १० वस्ने श्री राजु कोईराला रु ५० हजार

ख. वडा नं. ४ वस्ने श्री बुद्धि वहादुर श्रेष्ठ रु ५० हजार

ग. वडा नं. २ वस्ने श्री पोरी श्रेष्ठ रु ५० हजार

९. एघारौ नगरसभावाट विनियोजित खेलकूद कोषवाट तपशिल वमोजिम रकम उपलव्ध गराउने ।

क. नेपाल फेन्सिङ संघ टोखा नगरपालिकामा वसोवास गरिवस्ने खेलाडीलाई प्रशिक्षण तथा खेल पोशाकको लागि सहयोग रु २० हजार ।

ख. World Robot Olympid मा सहभागी हुने टोखा ४ निवासी प्रवेश श्रेष्ठलाई रु १ लाख उपलव्ध गराउने

ग. नेपाल जितकुण्डो मार्शल आर्ट संघलाई खेलकूद सामाग्री खरिद रु ५ लाख ।

घ. नेरपाल वादोकाई कराँते एसोसिएसन, गोगंवुँ-८ लाई खेलकूद सामाग्री खरिद रु ५ लाख ।

१०.विभिन्न वडावाट सिफारिस भई नगरप्रमुखवाट पहिचान भएका अत्यावश्यकिय तपशिल वमोजिमका आयोजना तथा कार्यक्रमहरुको नगरसभाको एघारौं अधिवेशनवाट निम्न शिर्षकहरुमा विनियोजित रकमवाट खर्च लेख्ने गरी कार्यान्वयन प्रकृया अगाडि वढाउने ।

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | दुव्वेश्वर टोल ढल तथा खानेपानी व्यवस्थापन ( अनुमोदन) | ८ | १० लाख | २४७ |
| २ | चण्डेश्वरी मा.वि भवन निर्माण स्थलमा सेयरवाल निर्माण | २ | १० लाख | २४७ |
| ३ | कपिन्डोल नयाँवस्ती तल्लो राजकूलो दायँवायाँ रिटेनिङग वाल | २ | २० लाख | २४७ |
| ४ | सृजना टोलमा खानेपानीको चेक्वर निर्माण | १० | लागत अनुमान अनुसार | २५० |
| ५ | देरचामा पहिरो नियन्त्रण | २ | १० लाख | २२३ |
| ६ | मालुङ पिकजोल तारकेश्वर र टोखाको सीमाना अन्तर्गत पर्ने साङ्ले खोलामा पहिरो तथा पुल वस्ती संरक्षण | १ | १८ लाख ५० हजार | २४९ |
| ७ | रमणवस्ती उपभोक्ता समिति अन्तर्गत विष्णुमति तटवन्ध निर्माण | ८ | ३४ लाख | २४९ |
| ८ | सीमाचौर देखि भण्डारे पानी मुहान जाने मूल सडक सम्म सडक वत्ती | १ | १ लाख | २३३ |
| ९ | सुर्यदर्शन हाईट/शान्तिवाटी टोल ईलाकामा सडकवत्ती | ३ | ५ लाख | २३३ |
| १० | वानियाँटार पुल तल नदी किनारमा जारजाली | ८ | ३ लाख ६० हजार | २४९ |
| ११ | सडक वत्ती जडान ( ५० थान) | ८ | ४ लाख २० हजार | २३३ |
| १२ | बैकुण्ठपुरी आवास क्षेत्रमा ट्राफिक संकेत( लाईनिङ तथा जेब्रा क्रसिङ) | ११ | ५ लाख | २३७ |
| १३ | स्वरोजगार तालिम ( कुक/ टेलरिङ) | ९/१० | ५ लाख | १७४ |
| १४ | टोखा जेष्ठ नागरिक समाज विभिन्न / सामाग्री ( वाद्यवादन समेत | | ५ लाख | १७४ |
| १५ | लागूऔषध दुव्यर्सन रोकथाम कार्यक्रम | | ३ लाख | १७४ |
| १६ | दृष्टि आँखा सेवा संचालन सहयोग | ३ | २ लाख ५० हजार | १७४ |
| १७ | योग शिविर संचालन ( पतन्जली योग समिति) | | ३ लाख | १७४ |
| १८ | वालमैत्री पार्क सँगैको ईलाकामा सेयरवाल निर्माण | १ | ६ लाख | २४९ |
| १९ | पतन्जली सेवा आश्रम नेपाल कम्प्युटर/ ल्यापटप खरिद | | ३ लाख | १७४ |

११. विभिन्न वडावाट सिफारिस भई नगरप्रमुखवाट पहिचान भएका अत्यावश्यकिय तपशिल वमोजिमका आयोजना तथा कार्यक्रमहरुको आगामी नगरसभावाट वजेट विनियोजन भए पश्चात भुक्तानी गर्ने गरी हाल कार्यान्वयन प्रकृया अगाडि वढाउने ।

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | कै. |
|---|---|---|---|---|
| १ | सेतुवन्ध मन्दिर देखि साङ्कले खोला जाने मोटरवाटो स्तरोउन्नती | १ | ३० लाख | |
| २ | डाँफे टोलमा ढल परिवर्तन | ६ | २३ लाख ४० | |

| | | | | |
|---|---|---|---|---|
| | | | हजार | |
| ३ | वानियँटार पुल देखि फ्लोरोसेन्ट स्कुल सम्म खोलामा वाल निर्माण तथा सडक उठाउने कार्य | ११ | ६८ लाख ४३ हजार | |
| ४ | विजय श्रेष्ठको घर देखि लाग्ने पाचा सम्मको वाँकी सडक ढलान | ३ | ३० लाख | |
| ५ | गोरखकाली मन्दिरको थप निर्माण कार्य | ११ | ३५ लाख ३० हजार | |
| ६ | विमिरेटार क्रियापुत्री भवन कोठा थप तथा मेसिनरी वाल | १ | २० लाख | |

१२.**खरिको वोटदेखि होराईजन हुदै चौकी सम्म सडक स्तरउन्नती र साईड ड्रेन ( ठेक्का नं. १५/०७७-७८)** को योजना कार्यान्वयनको क्रममा नेपाल विद्युत प्राधिकरणले तार व्यवस्थापन र खानेपानीले खानेपानी पाईप विस्तार गरेको कारण Base को परिमाण र प्राईमकोट को परिमाण थप भएकोले प्राविधिक प्रतिवेदन अनुसार थप कामको रु ४२६५८१.२८ को भेरिएसन आदेश स्वीकृत गरी कार्यक्रम कार्यान्वयन गराउने साथै एघारौं नगरसभामा रकम अल्या गर्दा कम वजेट विनियोजन हुन गएकोले नपुग रकम रु २९ लाख एघारौ नगरसभाको सि.नं. २३९ मा विभिन्न **सडक मर्मत सम्भार, स्तरोउन्नती, कालोपत्रे तथा ओभरले** कार्यको लागि विनियोजित रकम मध्येवाट भुक्तानी उपलव्ध गराउने।

१३. एघारौं नगरसभावाट वडा नं. १ को **वाँझेखोला करंगे खानेपानी रिजर्भ ट्याङ्की निर्माण** कार्यको लागि रकम विनियोजन भएकोमा उक्त विनियोजित रकमको आयोजना संचालनको लागि गुठीको जगामा ट्याङ्की निर्माण गर्नु पर्ने भएकोले वडा अध्यक्षको रोहवरमा मोहिका हकदार वासुदेव तामाङ्ले ट्याङ्की निर्माणको लागि ०-२-०-० जग्गा उपलव्ध गराउने मन्जुरीनामा गरेकोले उक्त जगामा ट्याङ्की निर्माण प्रकृया अगाडी वढाउने।

१४. साईन मिडियाको गत आ.ब मा कार्यक्रम निर्माण( डकुमेन्ट्री) को भुक्तानी गर्न वाँकी रु १ लाख ५० हजार ( विल वमोजिम) एघारौं नगरसभाको सि.नं. १७६ वाट नियमानुसार भुक्तानी उपलव्ध गराउने।

१५.टोखा नगरपालिकाको छात्रवृत्ति कोष (संचालन) कार्यविधि, २०७९ स्वीकृत गर्ने।

१६.**म्यारिगोल्ड पुल देखि गैह्रीगाउँ चोक जाने सडक ढलान** गर्ने कार्यको लागि एघारौ नगरसभाको सि.नं. ८६५ मा रु ५० लाख विनियोजन भएकोमा उक्त कार्यको लागि लागत अनुमान तयार हुदाँ विनियोजित रकमले नपुग हुने अवस्था सृजना भएकोले नपुग रकम रु ६७२९३२/८० नगर पूर्वाधार विकास विशेष कार्यक्रम ( एघारौं नगरसभाको सि.नं. २४७) वाट थप गरी थप रकम समेतको योजना सम्झौता प्रकृया अगाडि वढाई उक्त सडक ढलान कार्यलाई पूर्णता दिने ।